**प्रस्तावः मिति २०७७/१२/१९  गते बिहिबार १०१ औ कार्यपालिका बैठक**

१. कार्यपालिका पूर्व बैठकका निर्णयको समिक्षा सम्बन्धमा ।
२. तलब वृद्धि सम्बन्धमा ।
३. गरिबसँग विश्वेश्वर कार्यक्रम सम्बन्धमा ।
४. श्रोत साझेदारी प्रतिवद्धतापत्र सम्बन्धमा ।
५. घर भाडामा दिने सम्बन्धमा।
६. Waste to Energy कार्यक्रमको निर्माण समय अवधि सम्बन्धमा ।
७. कार्यविधि पारित सम्बन्धमा ।
८. दोस्रो चौमासिक समिक्षा गोष्ठी तथा सार्वजनिक सुनुवाई कार्यक्रमको  प्रतिवेदन अनुमोदन सम्बन्धमा।
९. घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१०. आ.ई.ई. प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
११. आर्थिक सहयोग सम्बन्धमा ।
१२. कुइरेपानी सर्रा (दामोदर सडक खण्ड) अन्तर्गत घोराही ३ कुईरेपानी क्षेत्रमा बाटो विस्तार  गर्ने प्रयोजनका जग्गा व्यवस्थापन सम्बन्धमा ।
१३. बजेट स्थानान्तर सम्बन्धमा ।
१४. नदी जन्य पदार्थ  उत्खननका लागि अनुमति सम्बन्धमा ।
१५. सडक बत्ती जडान गरे वापतको रकम भुक्तानी सम्बन्धमा ।
१६. बजेट कार्यान्वयन सम्बन्धमा ।
१७. भाषा आयोगको पत्र सम्बन्धमा ।
१८. प्रशासकीय भवन र अस्पतालको अनुमानित ल.ई. तथा बोलपत्र स्वीकृत सम्बन्धमा ।
१९. स्वास्थ्य लाभको कामना सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिका को यस पूर्व बसेका बैठकले गरेका निर्णय र निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं २**

घोराही उपमहानगरपालिका र ल्याण्डफिल्ड साइटका उपभोक्ता बिच भएको सम्झौता बमोजिम घोराही उपमहानगरपालिका वडा नं. १६ मा रहेको वातावरणीय प्राथमिक विद्यालयमा कार्यरत शिक्षक महेश चौधरीलाई वि.सं. २०६२ सालदेखि न्युनतम पारिश्रमिक तथा वि.सं. २०७६।०४।०१ गतेदेखि मासिक रुपमा रु. १६०००।– (सोह्र हजार) यस कार्यालयबाट उपलब्ध गराईएकोमा उक्त तलब हालको अवस्थामा निकै कम भएकाले मासिक तलब बढाई पाउ भनी मिति २०७७।१२।०२ गते निवेदन पेश गर्नुभएकोले २०७७ फाल्गुन महिनादेखि लागू हुनेगरी का.स. प्रथम स्तर बराबरको तलब भत्ता उपलब्ध गराउने ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको आ.व. २०७७/०७८का लागि घोराही उपमहानगरपालिका वडा नं. ५, १३ र १८ अन्तर्गत संचालित गरिवसँग विश्वेश्वर कार्यक्रमबाट प्राप्त बजेट रु ३०००००।– (तिन लाख) उक्त वडामा गठित समूहहरुले वोयर बोका तथा उन्नत जातका बाख्रा वितरणमा खर्च गर्ने निर्णय अनुसार उक्त कार्यक्रम संचालनका लागि स्वीकृती दिने ।

**निर्णय नं. ४**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्रोत व्यवस्थापनमा यस उपमहानगरपालिकामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयनमा रहेको छ । यसै आयोजना संचालनका लागि यस घोराही उपमहानगरपालिकामा सेवा ईकाइ स्थापना भई २ जना एम.आई.एस. अपरेटर र १ जना फिल्ड सहायक कार्यरत रहेको र उक्त आयोजनाको काम तोकिएको समयमा सम्पन्न हुन नसक्ने भएकोले आयोजनाको म्याद वि.सं. २०८० असारसम्म थप हुने प्रक्रियामा रहेको हुँदा थप भएको समयावधीसम्म यस उपमहानगरपालिकामा सेवा इकाइमा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायकलाई निरन्तरता दिन स्रोत अपुग हुने भएकोले स्रोत साझेदारीका लागि विभागको प.सं. ०७७/०७८, च.नं. १७९६ मिति २०७७।११।१८को पत्रबाट आगामी आ.व.को लागि सेवा इकाईको तलब मध्ये एक चौमासिक वापत हुन आउने बजेट साझेदारीका लागि अनुरोध भई आएकोले स्रोत साझेदारीका लागि प्रतिवद्धता पत्र पठाउने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिका वडा नं. ११ डोक्रेना चोकदेखि दक्षिण-पश्चिम दिशामा यस उपमहानगरपालिकाको स्वामित्वमा रहेको १० कट्ठामा बनेको कम्पाउण्डवाल सहितको १ तले पक्की भवन हाल उपमहानगरपालिकाको प्रयोगमा नरहेको र लामो समयसम्म प्रयोग विहिन अवस्थामा रहँदा संरक्षणको अभावमा भवनको गुणस्तर कमजोर हुँदै जाने भएकोले सरकारी सम्पत्तीको संरक्षण र भवनको उचित प्रयोगका लागि उक्त भवन भाडामा दिन आवश्यक देखिएकोले भाडामा उपलब्ध गराउन सार्वजनिक सूचना प्रकाशित गर्ने ।

**निर्णय नं. ६**

नेपाल उर्जा विकास कम्पनी (प्रा.)लि. को च.नं. २६६ मिति २०७७।१२।१० गतेको पत्रानुसार यस घोराही उपमहानगरपालिका र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र नेपाल उर्जा विकास कम्पनी (प्रा.लि.) विच घोराही उपमहानगरपालिका १६ स्थित निर्माणाधीन Waste to Energy कार्यक्रम २०७७ चैत्र मसान्तसम्म सम्पन्न हुनुपर्नेमा कोभिड-१९ महामारीको कारणले काममा बाधा पर्न गएको हुँदा २०७८ असार मसान्तसम्म म्याद थपका लागि अनुरोध भई आएको र निर्माण कार्य समेत अन्तिम चरणमा पुगेको देखिएकोले २०७८ असार मसान्तसम्म निर्माण सम्पन्न समयावधी थप गर्ने ।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका पशुसेवा शाखाबाट प्रस्तुत भएको "गाईगोरुमा ट्यागिंग तथा अभिलेखिकरण कार्यविधि २०७७" पारित गर्ने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविध शाखाबाट प्रस्तुत दोस्रो चौमासिक समिक्षा गोष्ठी तथा सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन अनुमोदन गर्ने।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७७।१२।१७ गते बसेको बैठकका तपशिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

९.१ घोराही उपमहानगरपालिकाको आ.व. २०७७/०७८ मा विनियोजित रकम सार्वजनिक चौपाया व्यवस्थापन चाक्लीघाट समेत बजेट शीर्षक नं. २२५२२ पेज नं. ५३ सि.नं. २२ को जम्मा रकम रु. १५०००००(पन्ध्र लाख मात्र) मध्येबाट गाईवस्तुका लागि पराल खरिद र ढुवानीमा रु ३०००००।– (तिन लाख मात्र) सोही शीर्षकमा राखी बाँकी रु.१२०००००।– (बाह्र लाख मात्र) मध्ये चाक्लीघाटमा टहरा निर्माणका लागि रु. ७०००००(सात लाख मात्र) र घोराही उपमहानगरपालिका पूर्वतर्फ दाङ जिल्ला समन्वय समितिको कार्यालयको दक्षिणतर्फ कारागार देखि उत्तरतर्फ र वन महासंघको कार्यालय पश्चिमतर्फ रहेको खाली जग्गामा कान्जी हाउस निर्माणका लागि तारजाली घेरबार गर्न रु. ५०००००(पाँच लाख मात्र) बाँडफाँड गर्ने र उपर्युक्त दुवै संरचना जिम्दारतारा गौशाला व्यवस्थापन समितिलाई  निर्माण गर्न जिम्मा दिने साथै गाई व्यवस्थापन समितिबाट लागत सहभागिता उठन नसक्ने भएकोले लागत सहभागिता छुट दिने ।

९.२ घोराही उपमहानगरपालिका आ.व. २०७७/०७८ मा विनियोजित रकम प्लाष्टीक खरिद योजना बजेट शीर्षक नं. २२५२२ पेज नं. ५३ सि.नं. १४ को जम्मा रकम रु. ६०००००।– (छ लाख मात्र) मध्ये कपडा, प्लाष्टिक गत्था(कार्टुन) सिसा फलाम टिनजन्य वस्तु खरिद कार्यको लागि सरसफाई शाखाले सहजीकरण गर्ने ।

तपशिलका वस्तुहरु खरिदका लागि तोकिएको दररेट

| क्र.सं. | वस्तुहरु | दर(के.जी.) | कैफियत |
|---|---|---|---|
| १ | (सुर्तिखोल, पुकार विस्कुट) कडा खालको प्लाष्टिक | २ रुपैया | |
| २ | कपडा | ५ रुपैया | |
| ३ | नरम पोलिथिन | १० रुपैया | |
| ४ | अन्य सामग्री वर्गिकरण | १० देखि २० रुपैयासम्म | |

९.३ घोराही उपमहानगरपालिका आ.व. २०७७/०७८ मा विनियोजित रकम सरसफाई स्वयम सेवक कार्यक्रम अन्तर्गतको बजेट शीर्षक नं. २२४१९ पेज नं. ५२ सि.नं. ६ को जम्मा रकम रु. २०००००।– (दुई लाख मात्र) मध्येबाट टोलबस्तीहरुमा गई गल्ने र नगल्ने फोहोरको बारेमा सचेतना गराउने कार्यक्रमका लागि प्रतिव्यक्ति प्रतिदिन खाजा नास्ता खर्च बापत रु. ५००।– (पाँच सय मात्र) का दरले उपलब्ध गराउने ।

९.४ घोराही उपमहानगरपालिका आ.व. २०७७/०७८मा विजियोजित रकम नाला सरसफाई अन्तर्गतको बजेट शीर्षक नं. २२४१४ पेज नं. ५२ सि.नं. २ को जम्मा रकम रु. ३०००००।– (तिन लाख मात्र) मध्येबाट सार्वजनिक क्षेत्र, बजार क्षेत्रका नालाहरु सफा गर्न दैनिक ज्यालादारीमा जम्मा रु.५२०।–  (पाँच सय बिस मात्र) का दरले दिई कार्य गराउने र आ.व. २०७७/०७८ मा विनियोजित रकम नालामा शौचालय जोडेका बन्द गराउने कार्यक्रम अन्तर्गतको बजेट शीर्षक नं. २२५२२ पेज नं. ५२ सि.नं. १२ को जम्मा रकम रु. १०००००।– (एक लाख मात्र) मध्येबाट नाला सरसफाईका लागि आवश्यक सामग्री खरिद गर्ने ।

९.५ घोराही उपमहानगरपालिका आ.व. २०७७/०७८ मा विनियोजित रकम आर्सेनिक परीक्षण अन्तर्गतको बजेट शीर्षक नं. ५२ सि.नं. ७ को जम्मा रकम रु. ५०००००।– (पाँच लाख मात्र) मध्येबाट आर्सेनिक परीक्षणका लागि किट खरिद गरी आर्सेनिक परिक्षण गर्ने ।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिका वातावरण तथा विपद व्यवस्थापन शाखा अन्तर्गत मिति २०७७।१२।०४ र मिति २०७७।१२।१७ गते बसेको वातावरणीय समितिको बैठकले सिफारिस गरेका तपशिल बमोजिमका ईन्जिनियरिङ कन्सल्टेन्सी मार्फत आएका आई.ई.ई प्रतिवेदन स्वीकृत गर्ने ।साथै यस उपमहानगरपालिकाले तयार गरेको कार्यविधि अनुसार ।EE प्रतिवेदन तयारी गर्ने समुहको वायोडाटा, अनुभव-पत्र, प्रमाण-पत्र गुनासो सुनुवाई गर्ने संयन्त्र समेतको सुनिश्चिता गरी अगाडि वढाउने ।

**तपशील**

**१०.१** पिनाकल ईन्जिनियरिङ कन्सलटेन्सी मार्फत आएका घोराही उपमहनगरपालिका अन्तर्गत वडा नं ११, वस्ने श्री जित्वा थारुको नाममा दर्ता श्रेष्ता भएको साविक नारायणपुर १,क कि.नं ३४ को ज.वि. ०-४-५ को निजि जग्गा, श्री याम वहादुर के.सी.को नाममा दर्ता श्रेष्ता भएको साविक नारायणपुर २,क कि.नं ९ को ज.वि. ०-९-० को निजि जग्गा, शिवाज कंक्रिट प्रा.लि.को नाममा दर्ता भएको साविक नारायणपुर १,ग कि.नं.४६१,४६२,४६३ को जम्मा ज.वि.१३१७९.९९ व.मि. निजि जग्गामा, ऐ. वडा नं.१९ वस्ने मोहन वुढामगरको नाममा दर्ता श्रेष्ता भएको साविक शैघा २,ढ कि.नं ४२, २,घ कि.नं.२० २,घ कि.नं. ४३ को जम्मा ज.वि. १-५-० को निजि जग्गामा निजि जग्गाबाट माटो ढुङ्गा उत्खननका लागि तयार पारिएको प्रारम्भिक वातावरणिय परिक्षणको प्रतिवेदन स्वीकृत गर्ने ।

**१०.२** जि.एस.ईन्जिनियरिङ कन्सलटेन्सी मार्फत आएका घोराही उपमहनगरपालिका अन्तर्गत वडा नं १८, वस्ने श्री सम वहादुर घर्तिमगरको नाममा दर्ता श्रेष्ता भएको साविक घोराही ९,क कि.नं २० को ज.वि. २२४३.४४ व.मि.को निजि जग्गाबाट माटो ढुङ्गा उत्खननका लागि तयार पारिएको प्रारम्भिक वातावरणिय परिक्षणको प्रतिवेदन स्वीकृत गर्ने ।

**१०.३** जि.एस. ईन्जिनियरिङ कन्सल्टेन्सी घोराही, दाङ परामर्शदाता र सत्यम कन्सट्रकसन दाङ प्रस्तावक मार्फत आएका घोराही उप-महनगरपालिका अन्तर्गत वडा नं १२, वस्ने श्री कर्ण वहादुर भण्डारीको नाममा दर्ता श्रेष्ता भएको साविक हापुर १,ण कि.नं १५,१६,१८,१०,१३,११र १२ को ज.वि. २-०-०, निजि जग्गाबाट ढुंगा उत्खननका लागि तयार पारिएको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन स्वीकृत गर्ने ।

**१०.४** जि.एस. ईन्जिनियरिङ कन्सल्टेन्सी घोराही, दाङ परामर्शदाता र रमण के.एस.जे.भि.कैलाली प्रस्तावक मार्फत आएका घोराही उप-महनगरपालिका अन्तर्गत वडा नं १२, वस्नेलाल वहादुर रानामगर र अमृत वहादुर रानामगरको संयुक्त नाममा दर्ता श्रेष्ता भएको साविक हापुर१,झ कि.नं. ८३,८४,८५, १,ठ कि.नं.६ को ज.वि.२४५०.६३ व. मि. निजि जग्गाबाट ढुंगा उत्खननका लागि तयार पारिएको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन स्वीकृत गर्ने ।

**निर्णय नं. ११**

बैतडी शिगास गाउँपालिका वडा नं. ९ स्थायी ठेगाना भएका मनोज कुमार चन्दले मिति २०७७।१२।१८ गते यस कार्यालयमा दिएको निवेदन अनुसार शरिरका ७ वटा अङ्गबाट लेख्न सक्ने र दुवै हात एकसाथ खुट्टा कुहिनो मुख र एकसाथ ६ वटा कलमबाट लेख्न सक्ने क्षमता रहेको र आफुले उक्त क्षमता राष्ट्रिय अन्तराष्ट्रिय जगतमा प्रदर्शन गर्नुका साथै गिनिजबुकमा नाम दर्ता गर्नका लागि आवश्यक आर्थिक सहयोग माग गर्नुभएकोले उहाँको प्रतिभाको उच्च कदर र सम्मान गर्दै रु.३००००।– (तिस हजार मात्र) सहयोग अन्य सहायता भुक्तानी शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका वडा नं. १६ सर्रदिखि घोराही उपमहानगरपालिका वडा नं. ३ लमही-घोराही सडक खण्डसँग जोडने गरी यस उपमहानगरपालिकाबाट आ.व. ०७४/०७५ मा १८ मीटर चौडाइ रहने गरी ट्र्याक खोली निर्माण कार्य अगाडी बढीरहेको सर्रा- कुइरेपानी दामोदर सडक खण्ड अन्तर्गत कुइरेपानी क्षेत्रमा लमही-घोराही सडक खण्डसँग जोडन व्यक्तिगत रैकर जग्गा परी निकास बन्द रहेको तथा निकास नखोली निर्माण कार्य अगाडी बढाउन सम्भव नभएकाले उक्त मार्गको शुरु विन्दु निकासका लागि आवश्यक सहयोग गरिदिनु हुन भनी सडक पूर्वाधार विकास कार्यालय दाङको च.नं. १८२ मिति २०७७।६।२१ को पत्रबाट अनुरोध भई आएको र शुरु विन्दुमा रैकर जग्गा परेकोले रैकर जग्गा खरिद गर्न अत्यावश्यक भएको हुँदा जग्गा खरिद गर्न गठित समितिको मिति २०७७।०९।२४ गते र मिति २०७७।११।०६ गते बसेको बैठकले जग्गा धनिहरुबाट प्रतिकट्ठा प्रचलित दररेट माग गर्ने प्रयोजनका लागि १५ दिने सूचना प्रकाशन गरेको र पेश भएका सिलबन्दीहरु मिति २०७७।११।१४ गते खोली समितिको मिति २०७७।११।२३ गते बसेको बैठकले मूल्याङ्कन गर्दा सडकसँग जोडिएको कित्ताको प्रतिकट्ठा ४५ लाख र बाँकी कित्ताहरुको प्रतिकट्ठा २५ लाखको दररेट पेश गरेको पाइयो । बाटो निकासको लागि अत्यावश्यक पर्ने कित्ता नं. र क्षेत्रफल र निवेदकले पेश गरेको दररेटको विषयमा सरोकारवाला समेतको सहभागितामा समितिको मिति २०७७।१२।१५ गते र मिति २०७७।१२।१७ गतेको बैठकमा छलफल गर्दा जग्गाधनीबाट पेश भएको दररेटमा प्रतिकट्ठामा रु. ५०,०००।– (पचास हजार) कम गरी मूल्य निर्धारण गर्ने निर्णय अनुसार तपशिल अनुसारको कायम हुन आएको दररेटमा समितिबाट सिफारिस भए बमोजिम जग्गा खरिद प्रक्रिया अगाडी बढाउने ।

**तपशिल**

| सि नं | निवेदकको नाम थर | जग्गाधनीको नाम थर | सिलबन्दी निवेदन साथ संलग्न कागजात तथा अन्य विवरण | प्रतिकठ्ठा कबोल दररेट | बाटोका लागि खरिद गर्नुपर्ने जग्गाको क्षेत्रफल (ब.मी.मा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पदम बहादुर पुन मगर | रेखा पुन मगर | निवेदन, रेखा पुन मगरको नामको जग्गा धनी पूर्जा, नक्सा कि७०७ .नं. | रु २४ लाख ५० हजार मात्र | ७५ | ५५३७०१।- |
| २ | ललिता पन्थी | विनायक बस्नेत | निवेदन, विनायक बस्नेतको नामको जग्गा धनी पूर्जा, नक्सा | रु ४४ लाख ५० हजार मात्र | ३१७ | निवेदन र जग्गा धनी पूर्जामा कित्ता नं फरक परेको। निवेदनमा कि १५३३ क७.नं. रहेको, जग्गा धनी पूर्जा कि १६७८ .नं. को आएको |
| ३ | झग्गु प्रसाद जोशी | ललिता पन्थी भण्डारी | निवेदन, ललिता पन्थी भण्डरीको नामको जग्गा धनी पूर्जा, नक्सा | रु २४ लाख पचास हजार मात्र | ११८ | निवेदन र जग्गा धनी पूर्जामा कित्ता नं फरक परेको। निवेदनमा कि.नं. ७क १६७८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | रहेको, जग्गा धनी पूर्जा कि.नं. १५३३को आएको |
| ४ | स्यानु चौधरी | स्यानु चौधरी | निवेदन, जग्गा धनी पूर्जा, नागरिकताको प्रतिलिपि कि.नं. ७क ६४८ | रु २४ लाख पचास हजार मात्र | २७७ | नक्सा नभएको |
| ५ | रोशन बुढाथोकी | रोसन बुढाथोकी | निवेदन, जग्गा धनी पूर्जा, नक्सा कि.नं. ७क ७०३ | रु २४ लाख पचास हजार मात्र | ९३ | |
| ६ | राम प्रसाद चौधरी | राम प्रसाद चौधरी | निवेदन, जग्गा धनी पूर्जा, नक्सा कि.नं. ७क ७०४, १९९१ | रु २४ लाख पचास हजार मात्र | ३३८+७४ | |
| ७ | मनुवा चौधरी | मनुवा चौधरी | निवेदन, जग्गा धनी पूर्जा, नक्सा कि.नं. ७क १९९६ | रु २४ लाख पचास हजार मात्र | १५५ | |
| ८ | फकली थरुनी | फकली थरुनी | निवेदन, जग्गा धनी पूर्जा, नक्सा कि.नं. ७क १२९५ | रु २४ लाख पचास हजार मात्र | ११० | |
| ९ | जितमान चौधरी | जितमान चौधरी | निवेदन, जग्गा धनी पूर्जा, नक्सा कि.नं. ७क १९९२ | रु २४ लाख पचास हजार मात्र | ३२९ | |
| १० | ईन्द्रकला रोका मगर | | निवेदन, जग्गा धनी पूर्जा (नाम नखुलेको), नक्सा कि.नं. ७क १२९७ | रु २४ लाख पचास हजार मात्र | १९३ | जग्गा धनी पूर्जामा नाम नखुलेको |
| ११ | दशुलाल चौधरी | दसुलाल चौधरी | निवेदन, जग्गा धनी पूर्जा, नक्सा कि.नं. ७क १९९३ | रु २४ लाख पचास हजार मात्र | २९४ | |
| १२ | कलेशी चौधरी | कलेशी चौधरी | निवेदन, जग्गा धनी पूर्जा, नक्सा कि.नं. ७क ७०२ | रु २४ लाख पचास हजार मात्र | ९६ | |
| १३ | टेक कुमारी बस्नेत | टेक कुमारी बस्नेत | निवेदन, जग्गा धनी पूर्जा, नक्सा कि.नं. ७क ७०१ | रु २४ लाख पचास हजार मात्र | ५७० | |
| १४ | छुनकु चौधरी | छुनकु चौधरी | निवेदन, जग्गा धनी पूर्जा, नक्सा कि.नं. ७क ६४९ | रु २४ लाख पचास हजार मात्र | ३२१ | |
| १५ | | | कि.नं. ७क ७०८ | | २३३ | |
| १६ | | | कि.नं. ७क १५३४ | | ६९ | |
| १७ | | | कि.नं. ७क १६५६ | | ५३ | |
| १८ | | | कि.नं. ७क १९८४ | | ३० | |
| जम्मा | | | | | ३७४५ | |

**निर्णय नं. १३**

सघन शहरी तथा भवन निर्माण आयोजना दाङबाट निर्माणाधीन Package III अन्तर्गत वि.पि. मार्ग-बालिम खोला-सिमलतारा सडक खण्डमा पर्ने वि.पि. मार्ग-बालिम खोलाको करीब १५० मी. सडकलाई नयाँ DPR भएको भैसाही चोक-वालिम खोला सडक खण्डमा समावेश भएको हुँदा उक्त लम्बाई बराबरको सडक सिमलतारा बस्तीको अन्त्य सम्म पुग्ने गरी निर्माण कार्य अगाडी बढाउन अनुरोध गर्ने साथै Package II अन्तर्गत झिगौरा-स्वर्गद्धारीटोल गोर्खा अस्पताल मिलन चोक हुँदै भेटेरीनरी शहिदमार्ग जोड्ने सडक अन्तर्गत पर्ने घोराही उपमहानगरपालिकाको वडा नं. १४ को गोर्खा अस्पतालदेखि मिलन चोकसम्मको बाटोमा फुटपाथ र नाला निर्माणकालागि अनुरोध गर्ने।

**निर्णय नं. १४**

साया निर्माण सेवा घोराही १०लाई आ.व. २०७७/०७८मा आई.ई.ई भएको कटुवा खोला क्षेत्र ४ बबई कटुवा खोला दोभान देखि उत्तर ७०० मीटरसम्म ६५० मी लम्बाई १५ मिटर चौडाइ र ८० सेन्टीमिटर गहिराईको जम्मा ७८०० घन मिटर नदिजन्य पदार्थ उत्खनन गर्न सम्झौता गरेकोमा स्थानीय बासिन्दाबाट उक्त क्षेत्र निजी जग्गामा परेको भनी उत्खनन गर्न नदिएको सन्दर्भमा निजलाई सिस्ने खोला क्षेत्र २ घोराही प्युठान सडकको ५०० मी. दक्षिण देखि वि.पि. राजमार्गको ५०० मी. उत्तरसम्म ८१६० घन मीटर आई.ई.ई. भएको क्षेत्रबाट बाँकी रहेको ५९५२ घन मीटर नदीजन्य वस्तुको उत्खनन गरी आन्तरिक बिक्रि गर्नका लागि अनुमती दिने ।

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिका वडा नं. १५ को मिलन चोक वडा नं. १८ महालक्ष्मी टोल र वडा नं. १४ सेवार खोला नयाँ बसपार्क तथा कृषि उपज बजार क्षेत्रमा मानव वस्ती कम भएकोले सडक बत्ती जडानमा लागत सहभागिता जम्मा हुन नसक्ने तथा बजार सुरक्षा एवं आपराधिक घटना नियन्त्रणका लागि उक्त क्षेत्रमा सडक बत्ती जडान गर्न अत्यावश्यक भएको हुँदा नगरपालिकाको तर्फबाट लागत अनुमान तयार गरी सडक बत्ती जडान गर्ने ।

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिकाको आ.व. ०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दाङ्ग उद्योग वाणिज्य संघको डिप बोरिङ निर्माणका लागि रु. १० लाख बजेट विनियोजन भएकोमा दाङ्ग उद्योग वाणिज्य संघको प.सं. ०७७/०७८, च.नं. १७० मिति २०७७।१२।१८ को पत्रानुसार गत आ.व.को बजेटबाट डिप बोरिङ्ग खन्ने कार्य सम्पन्न भएको र पानी समेत पर्याप्त मात्रामा उपलब्ध भएकोले चालु आ.व.मा विनियोजन भएको बजेटबाट खानेपानीका लागि प्युरीफाई मेशिन जडान गर्ने र उक्त मेशिन राख्ने स्थान समेत निर्माण गर्नुपर्ने भएकाले सोही अनुसार बजेट कार्यान्वयनका लागि अनुरोध भई आएकोले माग भई आएअनुसार कार्यान्वयन गर्न अनुमति दिने ।

**निर्णय नं. १७**

भाषा आयोग काठमाण्डौको प.सं. ०७७/०७८ च.नं. ३३० मिति २०७७।११।२६ को पत्रानुसार कुसुण्डा भाषा पुस्तान्तर गरी संरक्षणका लागि बजेट माग भई आएको हुँदा अन्य संस्था सहायताबाट रु. १०००००।– (एक लाख) सहयोग उपलब्ध गराउने ।

**निर्णय नं. १८**

घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको ठेक्का नं. NCB/WORK/GSMC/09/077/078 नगर प्रशासनिक भवन निर्माण आयोजना कार्यान्वयनका लागि शहरी तथा पूर्वाधार विकास महाशाखाबाट अनुमानित ल.ई. रु. ३०,९४,८३,९७०।६४(अक्षरुपी तिस करोड चौरानब्बे लाख तिरासी हजार नौ सय सत्तरी र पैसा चौसठ्ठी) को परिधी भित्र रही रितपुर्वक विद्युतीय खरिद प्रणाली (E-Bidding) द्धारा बोलपत्र आव्हान गरिएकोमा सबैभन्दा कम अंक कबोल गर्ने बोलपत्र दाता श्री गौरी पार्वति/भुसाल/बस्नेत (जे.भी.) सिनामंगल काठमाण्डौले कवोल गरेको अंक भ्याट सहित रु. २०,०५,९२,८५२।२१ (अक्षरुपी विस करोड पाँच लाख बयानब्बे हजार आठ सय बाउन्न र पैसा एक्काईस मात्र)को बोलपत्र स्वीकृत गर्न र ठेक्का नं. NCB/WORK/GSMC/20/077/078 १५ शैया अस्पताल भवन निर्माण आयोजना कार्यान्वयनका लागि अनुमानित ल.ई. रु. १७,८०,४५,०९२।– (अक्षरुपी सत्र करोड असी लाख पैतालीस हजार बयाननब्बे मात्र)को परिधी भित्र रही विद्युतीय खरिद प्रणाली(E-Bidding) द्धारा बोलपत्र आह्वान गरी प्रकृया अगाडी बढाउन सार्वजनिक खरिद नियमावली, २०६४ (दशौं संशोधन २०७७) को नियम १४ उपनियम (१)(घ) अनुसार दश करोड रुपैयाँभन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखबाट हुनुपर्ने र नियम ६७ उपनियम (१)(घ) अनुसार बोलपत्र स्वीकृतको लागि रु. पन्ध्र करोड रुपैया भन्दा बढीको बोलपत्र विभागीय प्रमुखबाट स्वीकृत गर्ने कानूनी व्यवस्था भए अनुसार उक्त दुवै आयोजना मध्ये प्रशासनीक भवनको ल.ई. र बोलपत्र तथा १५ शैया अस्पतालको ल.ई स्वीकृत गर्ने ।

**निर्णय नं.१९**

विश्वभर महामारिको रुपमा फैलिएको कोराना (कोभिड-१९) भाइरसको संक्रमणबाट यस उपमहानगरपालिकाका तपशिल बमोजिमका जनप्रतिनिधि तथा कर्मचारीहरु संक्रमित भई उपचार एवं सेल्फ आइसोलेसनमा रहनुभएकोले उहाँहरुको शिध्र स्वास्थ्य लाभको कामना गर्ने ।

**तपशील**

| सि.नं. | नाम | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | श्री माधव प्रसाद चौधरी | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय | |
| २ | श्री उमेश शर्मा | आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख | घोराही उपमहानगरापालिका | |
| ३ | आनन्दराम कवर योगी | सहायक पाँचौ | १४ नं. वडा कार्यालय | |